**आज मिति २०७५ साउन १८ गते शुक्रबार**का दिन यस दक्षिणकाली नगरपालिकाका नगरप्रमुख श्री मोहन **बस्नेतज्यूको** अध्यक्षतामा नगरकार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ५० औं **बोर्ड बैठक बसी** निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति** :-

| | | | पदाधिकारी |
|---|---|---|---|
| **१.** | **नगरप्रमुख** श्री मोहन वस्नेत | - | अध्यक्ष |
| **२.** | **नगर उपप्रमुख** श्री वसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| **३.** | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| **४.** | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| **५.** | ३ नं. **वडाका कार्यवाहक** वडा अध्यक्ष श्री मनोज वस्नेत | - | सदस्य |
| **६.** | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| **७.** | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| **८.** | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| **९.** | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| **१०.** | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| **११.** | ९ नं. वडाका निमित्त वडा अध्यक्ष श्री राजु अधिकारी | - | सदस्य |
| **१२.** | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| **१३.** | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| **१४.** | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| **१५.** | **महिला सदस्य** श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| **१६.** | **महिला सदस्य** श्री कविता खत्री | - | सदस्य |
| **१७.** | **महिला सदस्य** श्री शारदा आचार्य | - | सदस्य |
| **१८.** | **महिला सदस्य** श्री निर्मला मंग्राती | - | सदस्य |
| **१९.** | **महिला सदस्य** श्री मिना मगर | - | सदस्य |
| **२०.** | **प्रमुख प्रशासकीय** अधिकृत श्री सुशीला पौडेल (ढकाल) | | सचिव |

## सहयोगी कर्मचारी :-

| | | |
|---|---|---|
| **१श्री विष्णु** वहादुर के.सी. | - | लेखा अधिकृत |
| **२ श्री मनोज** वुढाथोकी | - | सिभिल इन्जिनियर |
| **३श्री विकास** गुरुङ | - | कम्प्युटर अपरेटर |

मिति २०७५/४/१७ गते नगरप्रमुखज्यूबाट नगरकार्यपालिका बैठकमा पेश गर्ने आदेशं भइ नगरकार्यपालिका बैठकबाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**तपशिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
| --- | --- | --- | --- |
| १. | ढुंगा, गिटी, वालुवा, ग्राभेल, माटोजस्ता प्राकृतिक श्रोत साधन को निकासी शुल्क संकलन गर्न लगाइएको ठेक्का सम्बन्धमा । | १. दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा १४ मा ढुंगा, गिटी, वालुवा, ग्राभेल, माटोजस्ता प्राकृतिक श्रोत साधनको निकासी शुल्क संकलन गर्नको लागि अनुसूची बमोजिम २,३०,००,००० (दुइ करोड तिस लाख) रकममा सिलबन्दी दरभाउपत्र टेन्डर आव्हान गर्ने ।<br>२. प्रदेश नं ३ को प्रदेश आर्थिक ऐन, २०७५ को दफा ९ अनुसूची ५ कार्यान्वयन गर्ने सम्बन्धमा प्रचलित कानूनले असार, श्रावण र भाद्र महिनासम्म ढुंगा, गिटि, वालुवा स्लेट, ग्राभेल, रोडा उत्खनन सम्बन्धी कार्यमा रोक लगाएको हुँदासोही बमोजिम गर्ने र ऐनमा तोकिए बमोजिमको शुल्क तोकी ठेक्का लगाउने । | दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा १४ बमोजिम ढुंगा, गिटी, वालुवा, ग्राभेल, माटोजस्ता प्राकृतिक श्रोत साधनको निकासी शुल्क संकलन गर्नको लागि मिति २०७५/४/५ गते कान्तिपुर दैनिक पत्रिकामा सूचना प्रकाशन गरि २,३०,००,००० (दुइ करोड तिस लाख) रकममा सिलबन्दी दरभाउपत्र टेन्डर आव्हान गरिएकोमा प्रदेश नं ३ को आर्थिक ऐन, २०७५ को दफा ९ अनुसूची ५ को कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७५/४/२ को परिपत्र बमोजिम प्रचलित कानूनले असार, श्रावण र भाद्र महिनासम्म ढुंगा, गिटि, वालुवा, स्लेट, ग्राभेल, रोडा उत्खनन सम्बन्धी कार्यमा रोक लगाएको हुँदासोही बमोजिम गर्ने । प्रदेश आर्थिक ऐन, २०७५ मा तोकिए बमोजिमको दररेटमा केही फरक पर्न गएको हुँदा हाललाइ टेन्डर आव्हान सम्बन्धी सूचना रद्द गर्ने र राजश्व परामर्श समितिले विस्तृत रुपमा अध्ययन गरी सो बाट आएको सिफारिशको आधारमा मात्र शुल्क तोकि नगरकार्यपालिका बैठकबाट निर्णय गरेर मात्र ठेक्कामा लगाउन सूचना प्रकाशन गर्ने। |